नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# विज्ञापन बोर्ड

बबरमहल, काठमाण्डौं, नेपाल — सम्पर्क नं.०१-५९०९३४४

प.स-०७९/८०

च.न- — मिति-२०७९/०९/०५

## सूचना !

विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१(ख) मा भएको व्यवस्था बमोजिम सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट प.सं. ०७९/८० च.नं. आ.प्र.३८२ मिति २०७९/०५/०७ को पत्र मार्फत सरकारी विज्ञापन बापतको रकम भुक्तानी गर्दा भुक्तानी हुने रकम (मू.अ.कर बाहेक) को ३(तीन) प्रतिशतले हुन आउने रकम भुक्तानी गर्दाका बखत नै कट्टा गरी विज्ञापन बोर्डको नाममा एभरेष्ट बैंक लिमिटेड सिंहदरबारमा रहेको कोष खाता नं ००१२०१०५२०००३७ (Office of Advertisement Board) मा नियमित रुपमा पठाउन पत्राचार भएकोमा कतिपय सरकारी कार्यालय, निकायका साथै विज्ञापन एजेन्सी समेतबाट द्विविधा उत्पन्न भएको भनि बोर्डमा जानकारी हुन आएकोले निम्नानुसार गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. विज्ञापनदाता (सरकारी निकाय, कार्यालय) हरुले विज्ञापन रकमको भुक्तानी गर्दाका बखत ३ (तीन) प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको उपरोक्त बमोजिमको कोष खातामा जम्मा गरेको प्रमाण भुक्तानी प्राप्त गर्ने विज्ञापन एजेन्सी वा सञ्चारमाध्यमलाई उपलब्ध गर्न गराउनु हुन।

२. विज्ञापन एजेन्सीले सञ्चारमाध्यमलाई भुक्तानी गर्दा सरकारी निकाय वा कार्यालयबाट प्राप्त कोष खातामा जम्मा गरेको प्रमाणको प्रतिलिपी समेत संलग्न राखी बाँकी रकम भुक्तानी गर्न गराउनु हुन र सञ्चारमाध्यमले विज्ञापन बोर्डको कोष खातामा जम्मा गरेको रकमको प्रमाण संलग्न गरी हिसाब मिलान गर्न गराउनु हुन।

निशान्तराज गौतम

प्रमुख प्रशासकीय अधिकृत